हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ७१ पृष्ठ : ४ २०७७ असोज ८ गते विहीबार (Thursday 24 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

## माछामा आत्मनिर्भर बन्दै सिरहा





स्थानीय उत्पादनले माग पूर्ति गर्न नसक्दा सिरहामा गतवर्षसम्म भारतीय बजारबाट माछा आयात गर्नुपरेको थियो । भारतको आन्ध्र प्रदेश, कोलकत्तासहित बिभिन्न प्रान्तबाट आयात हुने माछाले बजार माग धानिरहेको थियो । त्यतिखेर स्थानीय उत्पादनले ७० प्रतिशतमात्र माग धान्न सकेको थियो । तर, अब त्यस्तो रहेन, सिरहा माछा उत्पादनमा आत्मनिर्भर बन्न सफल भएको छ ।

तराई मधेसमा माछालाई उच्च स्वादिष्ट भोजनको रूपमा लिइन्छ । माछालाई उत्कृष्ट परिकारसँगै पाहुना सत्कार र मांसाहारी भोजमा समेत अनिवार्य मानिन्छ । पछिल्लो समय साधारण कृषकहरूसमेत मत्स्यपालनप्रति आकर्षित हुन थालेपछि माछा उत्पादनमा वृद्धि भएको हो । स्थानीय उत्पादनले बजार माग धान्न थालेपछि उपभोक्ताले समेत ताजा माछाको स्वाद पाउन थालेका छन् । माछाको मुल्य समेत केही सस्तो भएको छ ।

ताजा माछा पाइन थालेपछि हाटबजारमा उपभोक्ताको चाप बढी हुन थालेको छ । तर पछिल्लो पटक कोरोना भाइरस संक्रमणका कारण माछा व्यवसायमा समेत असर परेको छ । लकडाउन अघिसम्म सिरहाको लहान, धनगढी, मिर्चैया लगायत बिभिन्न बजारहरूमा दैनिक तीन क्वीण्टलभन्दा बढी माछा बिक्री हुन्थ्यो । माछा व्यापारी लहान नगरपालिका–५ का बिहारी सहनीका अनुसार गर्मी मौसमको तुलनामा जाडो मौसममा हाटबजारमा माछाको माग र बिक्री बढी हुनेगर्छ । लकडाउन सुरू भएको चैत देखि अहिलेसम्म माछा बिक्री हुन सकेन । कारण हाट बजारमा प्रतिबन्ध भएका कारण बिक्रीमा समस्या भएको हो ।

सिरहामा रहु, नैनी, कमन कार्प, बिग हेड, सिल्भर कार्प लगायत प्रजातिको माछा बढीमात्रामा बिक्री हुन्छ । व्यापारीका अनुसार यी प्रजातिका माछा सिरहाका हाटबजारमा प्रतिकेजी १ सय ५० देखि ४ सय रूपैयाँमा बिक्री हुन्छ ।

कृषि ज्ञान केन्द्रको तथ्यांक अनुसार जिल्लामा ३ हजार मेट्रिक टन भन्दा बढी माछाको माग छ । सिरहाका विभिन्न ठाउँका १ हजार ६ सय ६५ वटा निजी र सार्वजनिक पोखरीको ८ सय हेक्टरभन्दा बढी जलाशय क्षेत्रफलमा माछापालन गरिन्छ । मत्स्य विकास अधिकारीका अनुसार यो उत्पादनले सिरहाको बजार माग पूर्ति गरेको छ । स्थानीय उत्पादनले गतवर्षसम्म सिरहाको बजारमाग ७५ प्रतिशत मात्र धानेको थियो ।

कृषि विकासले माछा उत्पादन वृद्धि गर्न केन्द्रीय योजना अन्तर्गत कृषकहरूलाई माछापालनतर्फ आकर्षित बनाउने अभियान चलाएको थियो । पछिल्लो तीन वर्षमा मात्र माछापालन प्रयोजनका लागि करिब ८ सय निजी पोखरीहरू खनिएको छ ।

ज्ञान केन्द्रका अनुसार, चालु आर्थिक वर्षमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ९५ हेक्टर र मत्स्य विकास निर्देशनालयअन्तर्गत १८ हेक्टर गरी १ सय १३ हेक्टरमा

बाँकी ३ पेजमा

## सिरहाका १ संक्रमितको मृत्यु

लहान । सिरहामा एक कोरोना संक्रमित पुरूषको ज्यान गएको छ ।

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड अस्पतालमा उपचारत सिरहाको औरही गाउँपालिका–३ का ५० वर्षीय पुरूषको ज्यान गएको हो । उपचार चलिरहेकै क्रममा मंगलबार राति १२ बजेर ४५ मिनेटमा उनको ज्यान गएको अस्पतालले जनाएको छ ।

बाँकी ३ पेजमा

## यौनिक लैङ्गिक अल्पसंख्यक समुदायलाई राहत

लहान । लकडाउनको कारण रोजगारी गुमाएका यौनिक लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तीहरूलाई जीवन ज्योति समाज लहानद्वारा राहत उपलब्ध गराइएको छ ।

सिरहाको विभिन्न ठाँउका फरक क्षमता भएको पाँच परिवारका १० जनालाई समाजले राहत उपलब्ध गराइएको हो । एक बोरा चामल, हात धुने

बाँकी ३ पेजमा

## कोरोना संक्रमित कैदीलाई स्वास्थ्य सामग्री सहयोग



सिरहा । ४१ औं सामाजिक सेवा दिवसको अवसरमा सिरहा कारागारका कोरोना संक्रमित कैदी बन्दीहरूलाई स्वास्थ्य सामग्री सहयोग गरिएको छ ।

गोलबजारस्थित गैरसरकारी संस्था

बाँकी ३ पेजमा

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था।
हाम्रा संकायहरु :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५

भित्री पृष्ठमा
धर्म र समाजवाद
पेज २ मा
स्वास्थ्य सम्बन्धी विद्यमान कानुन र पालिकाको भूमिका
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## चिस्यान केन्द्र सञ्चालनमा पहल गरौं

कृषि पेशा नेपालको अर्थतन्त्रको मेरुदण्ड हो भने पशुपालन कृषिको एक अभिन्न एवं अत्यन्तै महत्वपूर्ण क्षेत्र हो । पशुपालन जनावर वा पशुपक्षी पाल्ने पेशा हो । नेपालमा गाई, बाख्रा, भैंसी, राँगा, भेडा, गोरू लगायत अन्य जनावरहरू तथा हाँस, कुखुरा, आदि पक्षीहरू दूध, मासु, घरायसी सजावट तथा सुरक्षा आदि उद्देश्यले पाल्ने गरिन्छ ।

नेपालका कृषकहरूले खेती तथा पशुपालन दुवै गर्ने भएकाले यसलाई मिश्रित खेती भनिन्छ । सघन निर्वाहका लागि मात्र नभै आफ्नो घरायसी आवश्यकताको परिपूर्ति गर्न र अतिरिक्त आय आर्जन गर्नका लागि नेपाली कृषकहरूले पशुपालन गर्ने गरेका हुन् । यसबाट दूध, फूल, मासुको साथै खेतीलाई चाहिने मल, तथा श्रम (गाई, गोरू,राँगा, भैंसी, बाख्रा आदिबाट) प्राप्त हुन्छ ।

नेपालीहरुको जीवनस्तर उठाउने मुख्य आयस्रोत कृषि नै भएकाले कृषिको विकास अनिवार्य छ । मुलुकको कुल जनसंख्याको ६७ प्रतिशत जनता कृषिमा निर्भर छ । तथ्यांक अनुसार राष्ट्रिय उत्पादनको ४३ प्रतिशत र कुल निर्यातको ८० प्रतिशत कृषिक्षेत्रले ओगटेको छ । कुल गाहस्थ उत्पादन (जीडीपी) को करिब २९.३७ प्रतिशत आय कृषि क्षेत्रबाट प्राप्त हुन्छ । जसले कृषि क्षेत्रको विकासबाट नेपालको अर्थतन्त्र समृद्ध बनाउन र गरिबी न्यूनीकरण तथा खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुगेको छ । त्यसैले नेपाल र नेपालीको द्रुततर विकास र समृद्धि कृषि क्षेत्रमा जोडिएको छ । सरकारले मुख्य प्राथमिकतामा पनि कृषिलाई नै राखेको छ । योजनाबद्ध विकासको प्रक्रिया सुरु भएदेखि विकास कार्यहरुमा गरिने कुल लगानीको ठूलो हिस्सा कृषि विकासमा लगानी गरिएको छ ।

कुल गाहस्थ उत्पादन (जीडीपी) मा यत्तिठूलो योगदान दिएको कृषिका लागि अनुकूल हावापानी, माटो, वातावरण भएको ठाउँमा पनि कृषिका नयाँनयाँ रणनीति र योजनाहरु बनाएर अघि बढ्न सकेको छैन । जुन दुःखद छ । सिँचाइ, कुलाको राम्रो प्रबन्ध भएका ठाउँका जग्गाहरु ध्माधम बाँझिने क्रममा छन् । गाँउघरमा कृषिको काम गर्ने कृषि मजदुरको अभावले कतिपय जमिन बाँझिने क्रम जारी छ । अर्कोतर्फ सामान्य पढेलेखेका मानिस खेतबारीमा काम गर्न र पशुपालन गर्नलाई इज्जत र प्रतिष्ठासँग जोडेर हेर्ने प्रचलनले पनि गाउँघरका खेतबारी बाँझो हुने क्रम बढ्दो छ । अर्कातिर सरलरुपमा बिउबिजन नपाउनु र कृषि बाली लगाउने मुख्य समयमा मल अभाव किसानले बर्सेनि झेल्नुपर्दा कृषि क्षेत्र नै धरापमा पर्ने हो कि भन्ने चिन्ता बढ्दो छ ।

यस्तै १२ वर्षदेखि १८ लाख रुपैयाँ खर्चेर स्थापना गरेको सिरहाको उत्तरवर्ती क्षेत्र धनगढीमाई १२ स्थित दुध चिस्यान केन्द्र दातृ संस्था र सरकारी बेबास्ताका कारण बेबारिसे बनेको छ । बगरटोल क्षेत्रका भैसी पालक किसानलाई लक्षित गरि १२ वर्षअघि दुध चिस्यान केन्द्र खोलिएको थियो । लामो समयदेखि केन्द्र बन्द हुदा मेसनरी सामानमा खिया लाग्न थालेको छ । चिस्यान केन्द्र खोलिएपछि हौसिएर १ सय १० भैसी पालक कृषकले दुध संकलन गर्दै आएका थिए ।

चिस्यान केन्द्र खोलिएपछि व्यवसायिक भैसी पालनमा हौसिएका विष्णुपुरकट्टी, बगरटोल वरपरका कृषकहरुले दैनिक पाँच सय लिटर दुध केन्द्रमा संकलन गर्दै आएका थिए । जसबाट उत्तरीभेगका कृषकले राम्रो आम्दानी लिन सफल भएका थिए । तर उनीहरुको सफलता धेरै दिन टिक्न सकेन । अझैपनि किसानलाई निराश हुन नदिन सम्बन्धित निकायले केन्द्र सञ्चालनका लागि पहल गर्न जरुरी छ । जसले गर्दा त्यस क्षेत्रका किसानमा मरिसकेको आशा पुन जागृत हुन पाओस ।

# धर्म र समाजवाद

**बिपी कोइराला राजनीतिक अभिलेख**

**अघिल्लो अंकको बाँकी**

हिन्दुधर्म भनेको बुद्ध, इस्लाम वा इसाई धर्मजस्तो सङ्गठित धर्म होइन । त्यसो हुँदा हिन्दुधर्म लाई एउटा सामाजिक सङ्गठनको आधारको रूपमा र त्यसका नियमहरूमा सामाजिक नियमहरू सादृश्य भएको हामी पाउँछौं । यसका वेद, उपनिषद्, रामायण, महाभारत, पुराण, मनुस्मृति इत्यादि धार्मिकग्रन्थहरू शुद्ध सामाजिक दृष्टिकोणबाट लेखिएका ग्रन्थ हुन् । चीनका कन्फुसियस त झन् प्रस्ट रूपले आचारवादी र व्यवहारवादी महात्मा थिए । समाजवादको अध्ययनमा व्यक्तिगत स्वार्थपूर्तिको कामनामाथि सामाजिक कल्याणको भावना विजयी भएको दृष्टान्त आवश्यक भएकाले यहाँ धर्मको विवेचनाको प्रयोजन छ । यथार्थमा अतीतको मानव इतिहासमा समाजवादको जरो त्यति टाढासम्म पुगेको छ । पछि–पछि धर्ममा सामाजिक दृष्टिकोण लुप्त हुँदै गयो । त्यो शासकवर्गको हातमा शोषणको हतियार बनेर गयो र प्रतिक्रियावादको केन्द्र हुन थाल्यो । अब त्यसको प्रारम्भिक तेज रहेन । धर्मको आजको अवस्था कर्मकाण्ड र खोक्रा क्रियाकलापको बाक्लो आवरणमा रहेको प्राणहीन शवजस्तो छ, त्यसमा केवल बाहिरी आडम्बर मात्र बाँकी छ । अरू धर्महरूको पनि त्यस्तै अवस्था छ । अन्त्यमा गएर कार्ल मार्क्सले धर्मलाई अफिमसँग तुलना गर्ने अवस्था आइपुग्यो । यसमा मानिसलाई अफिमजस्तै वास्तविकताबाट भुलाएर राख्ने गुण छ । समाजवादको विवेचना गर्दा ठाउँ–ठाउँमा धर्मको अवनतिका ऐतिहासिक कारणहरूका बारे प्रकाश पार्ने पनि मेरो प्रयत्न हुनेछ । समाजवादका आदिप्रवर्तकहरूमध्ये धर्मप्रवर्तकहरूलाई पनि हामी समावेश गर्न सक्छौँ र समाजवादको जरोलाई पहिल्याउँदा इतिहासमा त्यति टाढासम्म पुग्न सक्छौं, अहिले भने यति मात्र भन्नु पर्याप्त हुनेछ ।

धार्मिक व्यवस्था वा धर्मका आध्यात्मिक र नैतिक, दुईवटा उद्देश्य हुन्छन् । आध्यात्मिक उद्देश्यको सम्बन्ध व्यक्ति, आत्मा र ईश्वरसँग हुन्छ भने नैतिक उद्देश्य मानव सम्बन्ध वा सामाजिक सम्बन्धको विषय हो । जुनसुकै धार्मिक व्यवस्थामा पनि आध्यात्मिक र नैतिक आधार अविच्छिन्न रूपबाट संलग्न हुन्छन् । धर्मले ईश्वर र आत्माका सम्बन्धमा सूक्ष्म विवेचना गरेर एकातिर रहस्यवाद, व्यक्तिको एकान्तता र सामूहिक नभएर व्यक्तिगत मोक्षको प्रयासमाथि जोड दिएको छ भने त्यसले अर्कोतिर, पवित्र पारस्परिक जीवन, मानव सम्बन्धमा निःस्वार्थपन, त्याग, पवित्रता, प्रेम, विश्वास इत्यादि शुद्ध सामाजिक भावनाहरूमा पनि उत्तिकै जोड दिएको छ । यी भावनाहरूको विवेचना नैतिक विषय हो र यिनीहरू सामाजिक आदर्शलाई लक्षित गर्ने भावना हुन् । एउटा अनैतिक प्राणीलाई ईश्वर अप्राप्य छ । यस प्रकार, धर्मले चारित्रिक गुणलाई प्रधानता दिएको छ । तर ईश्वरसँग चरित्रको सम्बन्ध छैन, यसको सम्बन्ध समाजवादसँग छ । असल र खराबको विचारले पनि ईश्वरसँग सम्बन्ध राख्दैन । बरु यसको सम्बन्ध समाजको उद्देश्यसँग छ । ईश्वर, कतै–कतै त शुद्ध नैतिकताको आधारको सृष्टि गर्न रचिएको अस्तित्वसमेत बनेको छ । मानव–जीवनबाट ईश्वर र उसको न्यायको आधार लोप हुन लाग्यो भने मानिस अनैतिक र उच्छृङ्खल भएर सामाजिक सङ्गठनलाई विध्वंस गर्न थाल्छ भन्ने पनि कतिपयको भनाइ छ । त्यसो हुँदा यस कुरालाई लक्षित गरेर कुनै दार्शनिकले भनेका छन्, 'वास्तवमा ईश्वरको अस्तित्व नभए पनि हामीहरूले त्यसको निर्माण गर्नुपर्छ ।'

समाजवादको कुनै एउटा असंलग्न परम्परा छैन । मानव विकासको सभ्यता र संस्कृतिको बहुमुखी आन्दोलन तथा अभिव्यक्तिबाट परम्पराको कुनै एउटा पातलो धागो झिकेर त्यसमा समाजवादलाई झुन्ड्याउन खोज्नु समाजवादलाई अत्यन्त सङ्कुचित पार्ने प्रयास गर्नु हो । आफ्नो लामो यात्रामा मानवले धेरै उपलब्धि हासिल गऱ्यो । ती उपलब्धिहरूको सामूहिक संज्ञा नै सभ्यता हो । समाजवाद भनेको त्यस सभ्यताको चरम सीमा हो । तसर्थ ती उपलब्धिहरूलाई त्यागेर समाजवाद स्थापित हुनै सक्तैन । समाजवाद त्यस्तो व्यवस्था हो, जसले सभ्यताका यावत् उपलब्धिहरूलाई ग्रहण गर्छ र मानवले अहिलेसम्म प्राप्त गरेको सामर्थ्य र अनुभवको आधारमा अतीतका विजयहरूलाई मेटाएर भविष्यका अझै ठूला–ठूला विजयहरूका लागि मानवको राजपथ झन् विस्तार गर्ने मानव सङ्गठनको परिकल्पना गर्दछ । मानव जीवनमा नैतिक भावना र आदर्शका कुराहरूलाई व्यावहारिक रूप दिनु समाजवादको उद्देश्य हो । मानव जीवनसँग धर्म र नीतिका वचनहरूको सम्बन्ध अहिलेसम्म नभएको जस्तो भान हुन्छ र ती कोरा आदर्शका कुराजस्ता छन् । सत्य, प्रेम, त्याग, निःस्वार्थता इत्यादि गुणहरूले जीवनभन्दा अलग्गै अस्तित्व राख्छन् । समाजवादले मानिसको व्यावहारिक जीवनमा यी गुणहरू उपलब्ध गराउन चाहन्छ । वास्तविक रूपमा यी आदर्श भावना सामाजिक भावना होइनन् । यी भावनाहरू अहिलेसम्मको समाजमा व्यावहारिक जीवनमा ग्राह्य छैनन्, केवल पाठ गर्नका लागि उपलब्ध भएका विषय मात्र छन् । तर व्यावहारिक जीवनमा यी आदर्श वचनहरू ग्राह्य हुन सकेका छैनन् भन्दैमा तिनलाई निरर्थक भन्नु अनुचित हुन्छ ।

मानव–चेतनाले पशु अस्तित्वको अन्धकारबाट निस्केर जब पहिलोपटक आँखा उघाऱ्यो होला, त्यसले आफ्नो अस्तित्वलाई 'प्रकृति र त्यसको रहस्यमय दुनियाँ' र 'आफूजस्ता अरू मानवगणको सहयोगबिना आफ्नो जीवनको अस्तित्व सम्भव नभएको देख्यो होला । सर्वप्रथम उसलाई प्रकृतिको रूप अमैत्रीपूर्ण लाग्यो होला । यो चराचर जगत्मा आफ्नो स्थान के हो भन्ने प्रश्न उसले गऱ्यो होला । यस प्रकारको प्रश्नले नै आध्यात्मिक शृङ्खलाको सूत्रपात गऱ्यो । मानिसले आध्यात्मिक दृष्टिकोणबाट सामाजिक प्राणीको रूपमा आफ्नो विवेचना गर्दैन । आफ्नो स्थान त्यो चराचर जगत्को विराटतामा खोज्न चाहन्छ । मानिस विराट विश्वको सानो कण मात्र हुन्छ । यस प्रकारको चिन्तन गर्दा मानवदृष्टि अन्तर्मुखी हुन पुग्दछ । यसले मानिसमा समाजवाद र त्यसका क्रियाकलापसँग असंलग्न राख्ने प्रवृत्ति उत्पन्न गराउँछ । यस प्रकारको आध्यात्मिक भावनाबाट हाम्रो हिन्दु विचारधाराको पूर्वीय विचार अनुप्राणित छ । पूर्वीय विचारअनुसार सङ्गठनमा आदिभौतिकताको प्रधानता छ । यहाँको सभ्यता पनि विशेष रूपले यस्तै चिन्तनमा आधारित छ । वेद, चराचर जगत्का विभिन्न दृश्यावली र त्यसले उत्पन्न गरेको मानव अनुभूतिको कवितामय अभिव्यक्ति हो । वेद, सूर्यस्तवनको कविहृदयबाट फुटेर निस्केको गीतधाराजस्तो छ । उपनिषद्, मानव चिन्तनको झन् परिपक्व फल हो । वेद र उपनिषद् दुवै साहित्य, प्रकृति र त्यसको रहस्यमय जगत्ले कुतकुत्याएको मानव चेतनाको एउटै उत्तेजनाबाट उत्पन्न भएका हुन् । त्यसपछिका ग्रन्थहरूमा धेरै थोरै वेद र उपनिषद्का विचारको असर पाइन्छ । हिन्दु विचारधाराको तात्विक भिन्नताको मूल रहस्य पनि प्रकृतिले मानव मस्तिष्कमा पारेको असर हो । महाभारत र रामायणलाई एउटा सामाजिक चित्र उपस्थित गर्ने काव्यको रूपमा लिइए पनि दुवै ग्रन्थ आध्यात्मिकताले अनुप्रेरित छन् । महाभारतको गीता त शुद्ध आध्यात्मिक ग्रन्थ हो । यस प्रकारको चिन्तनले आत्मदर्शनलाई विशेष प्रोत्साहन दिन्छ र मानिसको एक्लो अवस्था र मनलाई उसको एक्लोपनतर्फ ढल्काउँछ र समाजवादतर्फ उदासीन भावना जगाउँछ । यही कारणले होला, हिन्दु साहित्यमा समाजवादसम्बन्धी ग्रन्थ र विचारधारा कम पाइन्छन् । मेरो भनाइको तात्पर्य हिन्दु विचारप्रणालीमा आध्यात्मिक भावनाबाहेक अरू सामाजिक तथा दैहिक भावनाहरू छैनन् भन्ने होइन । त्यसको तात्पर्य त केवल 'हिन्दु विचार प्रणालीमा आध्यात्मवादको पक्ष अरू पक्षभन्दा धेरै बलवान् छ र आध्यात्मवाद हिन्दु सभ्यता र संस्कृतिको प्रेरणा–मूल हो' भन्ने मात्र हो । मानव चिन्तनको एक पक्षमा मात्र कुनै पनि सभ्यताको जग आधारित हुँदैन । तर, त्यो सभ्यतामा कुन पक्षको प्राधान्य छ भन्ने कुरा कला, साहित्य, दर्शन इत्यादिको अभिव्यक्ति र पक्षले प्रकट गर्छ । हिन्दु सभ्यतामा कला, साहित्य, दर्शन इत्यादि अभिव्यक्तिले आध्यात्मवादको प्रधानता रहेको घोषणा गर्दछन् । *स्रोत : तरुण बुलेटिन ८, अप्रिल, १९७६ (२०३३ बैशाख)*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# डा. केसीप्रतिको अपमानले सरकारको अविवेकी चरित्र उजागर : कांग्रेस

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सत्याग्रही डा. गोविन्द केसीलाई गरेको अपमानबाट सरकारको अविवेकी र अनुदार चरित्र थप उजागर भएको टिप्पणी गरेको छ । कांग्रेसले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै सत्याग्रही केसीलाई गरेको अपमानबाट सरकारको अविवेकी र अनुदार चरित्र थप उजागर भएको टिप्पणी गरेको हो ।




'डा. केसीको पछिल्लो अनसन जुम्लामा सुरू भएर नेपालगञ्ज हुँदै काठमाडौं पुगेर जबरजस्ती ट्रमा सेन्टर र त्यहाँबाट शिक्षण अस्पताल पुग्दै गर्दासम्म सरकारले प्रस्तुत गरेको व्यवहारले एक कर्मयोगीको अपमान मात्रै गरेको छैन सरकारको अविवेकी र अनुदार चरीत्र थप उजागर गरेको छ,' प्रवक्ता विश्वप्रकाश शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सत्याग्रही डा. गोविन्द केसीसँग तत्काल वार्ताका माध्यमबाट जायज माग पूरा गरेर जीवन रक्षा गर्न सार्वजनिक अपिल पनि गरेको छ । 'डा. केसीको स्वास्थमा बढ्दो प्रतिकुलता दृष्टिगत गरेर तत्काल वार्ता समिति गठन गरी 'इमानदार वार्ता र सार्थक कार्यान्वयन' मा तदारूकता प्रस्तुत गर्न नेपाली कांग्रेस सम्माननीय प्रधानमन्त्री एवं उहाँको नेतृत्वको सरकारलाई अपिल र आग्रह गर्दछ,' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रधानमन्त्रीको अग्रसरता २०७५ साउन १० गते डा. केसीसँग सरकारले गरेको सहमति प्रधानमन्त्रीकै अगुवाइमा माघ महिनामा उल्लंघन नगरिएको भए आजको परिस्थिति नआउने पनि कांग्रेसले स्मरण गराएको छ ।

## माछामा ...

थप २ सय वटा माछा पोखरी खनिदैछ जुन यही वैशाखदेखि असारसम्म सम्पन्न हुनेछन् । यी पोखरीमा प्रति हेक्टर पाँच मेट्रिक टन माछा उत्पादन हुने गर्दछ ।

मत्स्य विकास प्राविधिकका अनुसार यही अनुपातमा माछा पोखरीको संख्या बढ्दै गए यहाँको उत्पादनले आउदो केही वर्षमा माछाको स्थानीय खपतको आपूर्ति मात्रै होइन आयातलाई पुरै प्रतिस्थापन गरी निर्यातलाई प्रवर्द्धन गर्न सक्ने देखिन्छ । सिरहामा सिंचाईको अभावका कारण धान खेती नफस्टाएको र एकै वर्षको माछाको आम्दानीले पाँच वर्षको धानखेतको आम्दानी उठाउन सकिने भएकाले स्थानीय किसान यसतर्फ आकर्षित भएका छन जसका कारण सिरहा माछा उत्पादनमा आत्मनिर्भर बनेको छ ।

## कोरोना ...

मुक्ति नेपालले कैदी बन्दीहरूका लागि स्वास्थ्य सामग्री सहयोग गरेको हो । एक हजार मास्क, १ लिटर सेनिटाईजर र महिला कैदीबन्दीका लागि २० थान भुल प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलको उपस्थितिमा कारागार प्रमुख बबिता महतोलाई हस्तान्तरण गरिएको हो । कारागारमा ५ सय ९९ कैदी बन्दी छन् । जसमध्ये ५ सय बढी कैदीबन्दीमा कोरोना पुष्टि भएको छ । हाल कारागार नै आइसोलेशन सेन्टर बनेको छ ।

## सिरहाका ...

मस्तिष्क घातका साथै टाउको दुख्ने, उल्टी आउने जस्ता समस्या देखिएपछि उनलाई विराटनगरस्थित न्युरो अस्पताल लगिएको थियो । तर त्यहाँ कोरोना परीक्षण गर्दा उनको रिपोर्ट पोजेटिभ आएपछि थप उपचारका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रेफर गरेको थियो ।

## यौनिक ...

साबुन १ थान, ब्रस, टुथपेस्ट, सेनिटाइजर, टवाईलेट हार्पिक, फिनेल लगायतका सामग्रीहरू वितरण गरिएको हो ।


### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा


## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा ...*

# त्यागी बाबाको कहानी



*समाजमा फरक फरक विशेषता बोकेका मानिस हुन्छन् । त्यस्तै मध्येका एक हुन् त्यागी 'विष्णु दास बाबा' । ११५ वर्ष पुगेको दाबी गर्ने उनै बाबा सूर्यदेव यादवबाट त्याग, तपस्यापछि 'विष्णु बाबा' मा दरिएका हुन ।*

*धनुषा कलुवामारका उनी २५ वर्षको उमेरदेखि त्याग, तपस्या, आरधना गरि हिड्दै पछिल्लो ४० वर्षदेखि विभिन्न मन्दिरमा सहयोगीका साथ बस्दै आएका छन् । विहानै ३ बजे प्रातकालमा व्युझेपछि उनको अध्यात्मिक कर्म सुरू हुन्छ । एक घण्टा नित्य कर्मपछि उनी विहान ६ बजेसम्म ध्यानमा लिन हुन्छन् । बिहान ९ बजेसम्म मन्दिर पुजापाठपछि उनी बुढ्यौली शरीरलाई भजनकीर्तनमा रसाउँछन् । जाडो होस वा गर्मी हरेक बिहान उनी स्नान गर्छन । दिनमा भोजनपछि उनी सहयोगी शिष्यहरूसँग गफिन्छन् । साँझ ३ घण्टा भजनकीर्तनमा रमाउँछन् । राति २ घण्टा ध्यानमग्न पछि उनी विश्राम लिन्छन् । ११५ वर्षे उमेरसम्म पनि उनी कहिल्यै बिरामी परेको छैनन् । भन्छन् 'यो ध्यान, तपस्या र आरधनाको प्रतिफल हो ।' अहिलेसम्म पनि उनी ठमठमी हिड्छन् ।*

*त्यसो त उनको तपस्या लीलाको अनौठो कहानी छ । आफू बालखै छँदा उनका बुबा अनुप अधिकारी यादव र आमा गिरिजादेवीको निधन भयो । उनका बुबाको डेढ बिघा जग्गा थियो । बालखैमा बुबा आमाको निधन भएपछि काका खटरले हुर्काए । पछि जग्गा जमिन उनै काका छोराहरूलाई छाडेर उनी तपस्यामा निस्किए ।*

*'सानैदेखि मन्दिर, कुटीमा साधु सन्तकोमा गएर रमाउँथे' उनले सुनाए 'भागेर कुटी जान्थे, काकाहरू खोज्न आएर घर फर्काएर लैजान्थे ।' उनी भन्छन् 'यो क्रम धेरै वर्षसम्म चल्यो, जब २५ वर्षको लक्का जवान भए बिहेको कुरो चल्न थाल्यो त्यसपछि म घर छाडेर तपस्याका लागि भागे ।' भागेर उनी सिरहाको उत्तरवर्ती घना चुरे जंगल क्षेत्रको चिसापानीमा भालु बाबाको शरणमा पुगे ।*

*चिसापानीमा भालु बाबा तपस्यामा बसेका थिए । पछि त्यो ठाउँको नाम भालु खोला रहन गयो । उनी ७ वर्षसम्म भालु खोलाको चिसो पानीमा बाबासँगै तपस्या बसे । त्यसपछि तपस्वी क्रम अझ बढेको उनी सुनाउँछन् । भारतको त्रिशुला पुगेर दुई वर्ष अग्नी तपस्या गरे । गर्मी महिनामा चारैतिर आगो बालेर बिचमा बसी उनी तपस्या गर्थे । भारतकै हाजिपुरमा १२ वर्षसम्म पानीमा टाड बनाएर ध्यानमा लिन भए ।*

*अग्नी र चिसो पानीको कठोर तपस्या पछि शिष्य र भक्तजनहरूलाई उनले १२ सय मन चामलको भण्डारा खुवाए । भारतको त्रिशुला, ललमनिया, लदनिया लगायत नेपालको पत्थगाढा, खप्टेडाडा, विष्णपुरा ७ स्थानमा उनका कुटी छन् । कहिलेकाही मानिक दह आश्रममा बस्दै आएका उनका अनगिन्ती शिष्य छन् ।*

*तिनै शिष्यहरूले पठाएको अन्न पानी अहिले पनि उनका आश्रम पुग्ने भक्तजन, तीर्थयात्रीहरूलाई निःशुल्क भोजन गराउँछन् । हरेक वर्ष चैत्र ३० देखि वैशाख १ गतेसम्म उनी मानिक दह मेला आउने भक्तजनलाई भोजन गराउँछन् । त्यसैगरी गरिब, असहायलाई उनी आश्रममा लक्ष्मीपुजा लगायत विभिन्न पर्वहरूमा भोजन गराउँछन् । गरिब, असहाय र तीर्थ यात्रीहरूलाई भोजन गराउँन पाउँदा उनी खुसि हुन्छन् ।*

*अध्यात्ममा लागेदेखि अयोध्या, बद्रीनारायण, रामेश्वर आश्रममा बसिसकेका उनी अध्यात्मले समाजलाई विखण्डन हुनबाट जोगाउने र सामाजिक मर्यादा कायम गराउन सहयोग पुग्ने बताउछन् । 'ध्यान र तपस्या हरेक मानव शरीरका लागि आवश्यक छ' उनले भने 'नियमित ध्यान र तपस्याले अलौकिक संसारमा पुऱ्याउछ ।'*

*नागरिकता प्रमाण पत्रहरू नबनाएका उनले पाको उमेरको प्रमाण १२ फिट लम्बाइको टुप्पी र बुढ्यौली शरीर भएको बताउँछन् । २५ वर्षको उमेरदेखि टुप्पी पाल्न थालेका उनले कपाल खौरिएपनि टुप्पी भने पालेका छन् । उनी टुप्पीलाई मर्यादा गर्छन । गुजुल्टो पारेको टुप्पीलाई उनका सहयो रामपरीक्षण महतो, कप्लेश्वर दास लगायत आश्रमका पाँच सहयोगीले खोलेर देखाए । १०८ विष्णु दास बाबा नाम कहलिएका उनले तपस्वी, साधु सन्तलाई नागरिकता, शैक्षिक प्रमाण पत्र आवश्यक नभएको बताउँछन् । भन्छन् 'त्यागी जीवन व्यतित गरेकालाई संसारको केही पनि चाहिन्दैन ।'*

*आश्रममा उनलाई पुग्ने भक्तजनले भगवानलाई झैं पूजा अराधाना गर्छन । उनी हरेक भक्तजनलाई आशिर्वाद दिंदै अध्यात्ममा लिन हुन उत्प्रेरित गर्छन । भन्छन् 'अध्यात्मले समाजलाई जोड्न मद्धत गर्छ ।'*

# स्वास्थ्य सम्बन्धी विद्यमान कानुन र पालिकाको भूमिका

नेपाल सरकारले अवलम्बन गरेको समृद्ध नेपाल, सुखी नेपाली अवधारणाको मुख्य तत्व भनेको स्वस्थ नागरिक उत्पादन गर्नु नै हो । एकातिर २१औँ शताब्दीको विश्वव्यापीकरणसँगै विश्वभरि सल्किएको जैविक सरूवा रोग कोरोना भाइरस(कोभिड–१९)ले नेपालमा मात्रै नभई सम्पूर्ण विश्वको जनस्वास्थ्य प्रणाली र सामाजिक संरचनामा गम्भीर असर पारेको छ । भने अर्कातिर आम मानिसले वास्तवमा कोभिड–१९ मार्फत तात्विक रुपमा स्वास्थ्य क्षेत्रको व्यापकता, महत्व, संवेदनशीलता र गहिराई मापन गर्ने अवसर जुटाइदिएको अवस्था छ । जसले गर्दा हाल समग्र विश्वका मानव समुदायको ध्यान विशेषगरी स्वास्थ्य क्षेत्रमा केन्द्रित छ । यस अगाडी स्वास्थ्य क्षेत्रमा कम चासो दिनेहरु व्यक्ति वा सरकार जो सुकै हुन हाल बाध्य भएर पनि स्वास्थ्य क्षेत्रका बारेमा गम्भीर चासो राखिराखेका छन् ।

भुसको आगो जस्तो फैलिरहेको संक्रमणको अछुतो नरहेको हाम्रो देशमा पनि संक्रमितको संख्या दिनानुदिन बढ्दो छ । यसको नियन्त्रणका लागि विभिन्न लकडाउन लगायत अन्य प्रयासहरुका बाबजुद सरकारले 'कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश (२०७७) जारी गरेको छ । जसमा कोरोना उपचारमा संलग्न जनशक्ति, विमानस्थल लगायतका विभिन्न ठाउँमा सञ्चालन गरेको हेल्थ डेस्कका जनशक्ति, क्वारेन्टाइनमा कार्यरत जनशक्ति, प्रयोगशालामा कार्यरत जनशक्ति र स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्रका कार्यरत जनशक्तिलाई जोखिम भत्ता दिने व्यवस्था छ ।

जसरी हरेक देशहरुले आ–आफ्नो क्षमता अनुसार स्वास्थ्य सेवाको अवस्था बारे गम्भीर र सुक्ष्मरूपमा विद्यमान स्वास्थ्य अवस्थाका बारेमा स्वमूल्यांकन गरिरहेका छन् त्यसैगरी नेपालले पनि आगामी दिनमा स्वास्थ्य प्रणाली कसरी सुदृढ बनाउन सकिन्छ भनी प्रयास जारी नै राखेको छ । तसर्थ यो समय सरकारका लागि सापेक्षिक जनस्वास्थ्य प्रणाली निर्माणमा एक स्वर्ण अवसरका रुपमा प्राप्त भएको छ । यस परिप्रेच्छमा यस लेखमा विद्यमान स्वास्थ्य सम्बन्धी केही महत्त्वपूर्ण कानुनी व्यवस्थाहरु र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित पालिकाहरुको स्वास्थ्य सम्बन्धी भूमिकाका बारेमा चर्चा गरिएको छ । नेपालको संविधानको मौलिक हक अन्तरगत धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । यसै धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने भनी आधारभूत मौलिक अधिकारकारूपमा स्वास्थ्य सेवालाई सुनिश्चितता गरिएको छ । त्यसै गरी उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने व्यवस्था गरिएको छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्नको लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ कार्यान्वयनमा छ । ऐनले आधारभूत स्वास्थ्य सेवा भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ भनिएको छ । यसरी आधारभूत मौलिक अधिकारकारूपमा स्वास्थ्य सेवालाई सुनिश्चितता प्रदान गर्न र स्वास्थ्य सेवा जनसाधारणको लागि अत्यावश्यक सेवा भएकोले सो सेवालाई प्रभावकारी बनाउन नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ कार्यान्वयनमा रहेको छ । त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा ऐन, २०७४ जारी गरिएको छ ।

बिमा ऐन अन्तरगत प्रत्येक नेपाली नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुनु पर्ने भनी उल्लेख गरिएको छ । त्यसैगरी नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुने र वृद्धाश्रम, अनाथालय, बाल सुधार गृह लगायतका संस्थाहरुमा आश्रित व्यक्तिलाई स्वास्थ्य बिमा

## पालिका बहस

**बाबुराम अर्याल**



कार्यक्रममा आबद्ध गर्नु त्यस्तो संस्थाको व्यवस्थापकको कर्तव्य हुने गरी यो ऐन ल्याइएको छ ।

त्यसैगरी प्राचीन कालमा महामारीबाट बच्न आयुर्वेदले सिकाएर हिन्दु परम्परा र जीवनशैली बनेका, कालान्तरमा विकृत भएर जातभात, छुवाछूत, सामाजिक भेदभाव, जातीय उचनीचका रुपमा कलंकित भएका, संसर्ग-निषेध (क्वारेन्टाइन), स्वपृथकीकरण (सेल्फ आइसोलेसन), भौतिक दुरी (सोसल डिस्टान्सिङ), स्वच्छ करण ( स्यानिटाईजेशन) आदिलाई व्यवस्थित गर्न आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ पनि कार्यान्वयनमा छ । सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न, आयुर्वेद चिकित्सा प्रणालीलाई बढी प्रभावकारी बनाउन, आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्न र आयुर्वेदिक चिकित्सकहरुको दर्ता गर्न र आयुर्वेद चिकित्सा परिषद् स्थापना गर्न यो ऐन जारी भएको देखिन्छ ।

आम नागरिकको स्वास्थ्यलाई ख्याल राख्न फोहर व्यवस्थापन महत्वपूर्ण विषय हो । स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन ऐन, २०६८ समेत जारी भई कार्यान्वयनमा रहेको छ । आम जनतामा प्रत्यक्ष स्वास्थ्यमा असर गर्ने विषय भनेको औषधि पनि एक हो । तसर्थ औषधि वा औषधिका साधक पदार्थहरुको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिन त्यसको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा वा भ्रमात्मक प्रचार हुन नदिन र जन सुरक्षित, असरयुक्त तथा गुणयुक्त नहुने औषधि उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय र सेवनको नियन्त्रण गर्न औषधि ऐन २०३५ जारी भई कार्यान्वयनमा रहेको छ । अर्कातर्फ नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था गरिएको छ । ऐनको दफा ११ को उपदफा २ को (झ) बमोजिम स्थानीय पालिकाहरुलाई देहायका १७ वटा स्वास्थ्य सम्बन्धी कार्यहरु गर्न तोकिएको छ ।

(१) संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण, (२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,( ३) स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण, (४)स्थानीय स्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन, औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण, (५) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स), (६) स्थानीय स्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन गर्ने ।

त्यसैगरी (७) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन, ( ८) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन लगायत १७ वटा सम्बन्धी कार्यहरु स्थानीय पालिकाको कार्यक्षेत्रमा पर्दछन् ।

यसरी विद्यमान कानुनी दस्ताबेजहरु केलाउँदा प्रशस्त भेटिएतापनि हाम्रो स्वास्थ्य सेवा अझै पनि निकै कमजोर अवस्थामा रहेको विभिन्न तथ्यांकहरूले देखाउँछन् । स्वास्थ्य वित्तीय व्यवस्थापन प्रोफाइल २०१७ का अनुसार स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च उच्च रहेको र सरकारको स्वास्थ्य क्षेत्रमा लगानी न्यून रहेको देखाएको छ । तथ्यले देशको कुल ग्राहस्थ उत्पादनको कम्तीमा ५५ बजेट बिनियोजन भयो भने विश्वव्यापी स्वास्थ्य पहुँच तिर उन्मुख हुन सकिन्छ भनेको छ ।

स्वास्थ्य कुनै व्यक्ति विशेषले मात्र समाधान गर्ने विषय पनि होइन । यो त पहुँचको विषय पनि रहेछ । अझै पनि हाम्रो देशमा अस्पतालको पहुँचभन्दा टाढा धेरै बस्तीहरु छन् । हृदयघात भए बाटैमा ज्यान जान सक्ने वा पक्षघात हुनसक्ने जोखिम, विषालु सर्पले टोक्यो अस्पताल नपुग्दै ज्यान जान सक्ने जोखिम, दुर्घटना हुँदा रक्तस्राव भएर अस्पताल नपुग्दै ज्यान जान सक्ने जोखिम, जटिल प्रसूतिको हकमा अस्पताल नपुग्दै आमा र बच्चाको ज्यान जानसक्ने जोखिम, कडा झाडापखाला लागेमा जलवियोजन भएर ज्यान जान सक्ने जोखिम, दम वा फोक्सोको बिरामीको हकमा एक्कासि श्वास फेर्न समस्या आयो जोखिम । यस्ता थुप्रै जोखिमहरु ग्रामीण बस्तीहरुमा आजपनि उत्तिकै छन् । यदि अस्पताल छ भनेपनि डाक्टर नभएर फेरी पनि जोखिम मोलिरहेको यथार्थ हामीसँग छ । तसर्थ यस विषयमा अव स्थानीय सरकारहरूले गम्भीरताका साथ सोच्नुपर्ने बेला आएको छ ।

स्वास्थ्य क्षेत्र सधैंभरी भाषणमा प्राथमिकतामा परेको तर लगानीको हिसाबले कमजोर क्षेत्रमा पर्नु अर्को मुख्य समस्या हो । तसर्थ अव कोभिड–१९ को युद्ध सँगसँगै देशमा नयाँ आर्थिक वर्षको बजेट निर्माण गर्ने प्रारम्भिक चरणहरु सुरू भइसकेकोले संघ प्रदेश र स्थानीय सरकारहरुले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट भाषणमा स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्नेछ । स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरे मात्र व्यक्तिको स्वास्थ्य अवस्था राम्रो हुन्छ । स्वस्थ व्यक्ति भए मात्र काम र उदधम गरी राष्ट्रको आय बढाई गरिबी न्यूनीकरण भई सरकारको समृद्ध नेपाल, सुखी नेपाली अवधारणाको सपना पुरा हुने देखिन्छ ।

त्यसै गरी कतिपय स्वास्थ्य कार्यक्रमहरु जुन देश भरी एउटै डालोमा पर्ने गरेका छन् तिनको बारेमा पुनरावलोकन गर्नु निकै जरूरी छ । जस्तै पाल्पामा कालाजार नियन्त्रण भनेर बजेट पठाउनु भन्दा सर्प टोकाई नियन्त्रण जरूरी छ । करोडपति महिलालाई गर्भवती तथा संस्थागत सुत्केरी प्रोत्साहन रकम, धनाढ्यहरूलाई निःशुल्क स्वास्थ्य सेवा र ओखती । त्यसै गरी अनुत्पादक तालिम, गोष्ठी, सम्मेलनमा हुने खर्च र समय गाउँ गाउँमा घुम्ती सेवामा लगाउन सकियो भने सुधार अवश्य हुनेछ । त्यसै गरी आधारभूत स्वास्थ्य सेवा अन्तरगतका खोप सेवा, एकीकृत नवजात शिशु तथा बाल रोग व्यवस्थापन, प्रसव तथा सुत्केरी सेवा, पोषण सेवा, गर्भवती, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा, सरूवा रोग सम्बन्धी सेवाहरूलाई सहज आम नागरिक समक्ष पु¥याउनुपर्छ ।

स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा स्वरुप प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापना र प्रशासक सेवा प्रवाह गर्नु राज्यको कानुनी दायित्व मात्र नभई जिम्मेवारी र कर्तव्य पनि हो । तसर्थ नागरिकको निःशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने हकलाई सुनिश्चित गराउन अब स्वास्थ्य क्षेत्रका प्राथमिकतामा एक, दुई र तीनमा रहेका कार्यक्रमहरुको प्रभावकारी तथा गुणस्तरीय कार्यान्वयन गराउनुपर्दछ । तबमात्र नेपालको मातृ मृत्युदर, बाल मृत्युदर घट्नेछ र संस्थागत सुत्केरी हुनेको सत्त्या बढ्नेछ । बालबालिकाले समयमा खोप र भिटामिन 'ए' पाउनेछन् । त्यसै गरी अव स्थानीय पालिकाहरूले प्रवर्द्धनात्मक र प्रतिकारात्मक सेवालाई ध्यान दिँदै उपचारात्मक, पुनर्स्थापना र प्रशासक सेवामा भार कम गर्नेतर्फ सोच्नुपर्छ । साथसाथै प्रत्येक विद्यालयमा कमसेकम एक जना स्वास्थ्यकर्मी राख्ने वातावरण सिर्जना गर्नुपर्छ ।

अन्तमा स्थानीय तह अन्तर्गतको आधारभूत स्वास्थ्य सेवा र प्रदेश अन्तर्गत रहेका अस्पतालहरूलाई समय सापेक्ष प्राथमिक लगानीका साथ परिवर्तन गर्न सक्यौँ र उल्लेखित कानुनहरुलाई कार्यान्वयन गर्न सक्यौ भने मात्रै सहज तरिकाले वीर, सहिद गङ्गालाल, टिचिङ, कान्ति बाल, क्यान्सर अस्पताल तथा प्रदेश अस्पतालहरुमा हुने भीड र चाप नियन्त्रण गर्न सम्भव हुनेछ । यसका लागि सङ्घ र प्रदेश सरकारले स्थानीय सरकारलाई नीतिगत, कानुनी, संस्थागत र वित्तीय लगायतका अन्य सहयोगहरु गर्नुपर्नेछ ।

*प्रशासन अनलाइनबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)